सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५३ | गान्तोक, (शुक्रबार) १८ सितम्बर, २०२० | अङ्क २५

## आत्मनिर्भर भारतः उद्यमशीलता र रोजगारका अवसरबारे वेबिनार आयोजित



१० सितम्बरः सिक्किमका राज्यपाल गङ्गाप्रसादले सिक्किमको इक्फाई विश्वविद्यालयले 'आत्मनिर्भर भारतः उद्यमशीलता र रोजगारका अवसर' – माथि आयोजन गरेको वेबिनारको उद्घाटन सत्रमा सहभागिता जनाउँनुभयो। उक्त अवसरमा राज्यपाल गङ्गाप्रसाद मुख्य अतिथि रहनुभएको थियो भने कार्यक्रममा देशका विदेश सचिव हर्षवर्धन शृङ्गला, अमेरिकाको न्युजर्सीस्थित सीआईसी ग्रुप इन्काका अध्यक्ष डा. हेरी एप्पनापल्ली, इक्फाई विश्वविद्यालयका उपकुलपति डा. जगन्नाथ पटनायक, उपपञ्जीकार सन्ध्या रानी पन्तको पनि उपस्थिति रहेको थियो।

उद्घाटन कार्यक्रममा राज्यपालले केन्द्र सरकारले आत्मानिर्भर भारत अभियानमाथि लिएका पहलहरूको सराहना गर्नुभयो। उहाँले भन्नुभयो, पूर्वोत्तर भारतमा आत्मनिर्भर भारतअन्तर्गत, प्रशस्त अवसर छन्, ती अवसरले स्थानीयलाई 'भोकल फर लोकलको निम्ति प्रोत्साहन र प्रवर्धन गर्दछ र जनताको रचनात्मकता, सीप र क्षमता बृद्धि गर्दछ। आत्मनिर्भर भारत अभियानले उत्तर-पूर्वी क्षेत्रमा अधिक रोजगारका अवसरहरू र उद्यमिता सिर्जना गर्दछ। राज्यपालले आत्मनिर्भर भारत अभियानमाथि चेतना फैलाउन शैक्षिक संस्थानहरूलाई आग्रह गर्नुभयो जसले लगानीकर्तालाई आर्थिक अवसर सृजना गर्न ठूलो भूमिका खेल्ने पनि बताउनुभयो।

## वन विभाग मन्त्रीद्वारा फरेस्ट नर्सरी पुस्तक विमोचन



गान्तोक।

१६ सितम्बरः राज्यका वन विभाग मन्त्री श्री कर्मा लोडे भोटियाको बाहुलीबाट ' फरेस्ट नर्सरिज-२०२०-२१' नामक पुस्तक विमोचन गरिएको छ। विमोचन कार्यक्रममा प्रधान सचिव तथा पीसीसीएफ एमएल श्रीवास्तव र वन तथा पर्यावरण विभागका वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो। वन विभाग मन्त्रीले कार्यक्रमलाई सम्बोधन गर्दै भन्नुभयो, वन विभागका अनुसन्धान तथा विस्तार क्षेत्रले आर्थिक वर्ष २०२०-२१मा सिक्किम राज्यका फरेस्ट नर्सरीहरूको विस्तृत रिपोर्ट ल्याएर प्रशंसनीय कार्य गरेको उल्लेख गर्नुभयो। उहाँले पुस्तकमा वन विभागको विगत र वर्तमान इतिहास, जलको विश्लेषण, वर्तमान बिरूवा भण्डार र थप सुधार गरिनुपर्ने विषय आदिमाथि केन्द्रित गरिएको छ। उक्त प्रतिवेदन वन विभागका सहायक संरक्षक छेवाङ टाशी भोटिया र उहाँको टोलीका अन्य सदस्य टुर प्रभारी रोबिश प्रधान, रमेश र पासाङ दावा तामाङको मार्गदर्शनमा तयार पारिएको छ।

## विश्व ओजोन दिवसको अवसरमा मुख्यमन्त्रीको सन्देश



१६ सेप्टेम्बर विश्व ओजोन दिवस हो। प्रत्येक वर्ष यस दिन ओजोन तह संरक्षणको लागि अन्तर्राष्ट्रिय दिवसको रुपमा पालन गरिन्छ। ओजोन तहलाई ह्रास गर्ने पदार्थहरुको कम उत्पादन गरी ओजोन तहलाई सुरक्षित राख्नु मोनट्रायल प्रोटोकलको उद्देश्य रहेको छ। १६ सितम्बरको दिन वैश्विक रूपमा पालन गरिने विश्व ओजोन दिवसको अवसरमा मुख्यमन्त्री पीएस प्रेमसिंह तामाङले राज्यवासीलाई शुभकामना दिनुभएको छ। आफ्नो शुभकामना सन्देशमा सुन्दर र स्वास्थ भोलिको निम्ति आजको दिनमा पर्यावरणको सुरक्षा र संरक्षणको प्रतिज्ञा गरौं भनी आह्वन गर्नुभयो। उहाँले ओजोनको जानकारी दिनुहुँदै यो धरतीलाई ढाकेर राख्ने लगभग १५ देखि ३५ किलोमिटर अग्लाइमा हुने ओजोन आयनहरू (ओ३) को बाक्लो तह हो भन्नुहुँदै यसले सूर्यबाट आउने विकिरणलाई धरतीमा प्रवेश गर्नबाट रोक्छ भनी बताउनुभयो। उहाँले त्यो ओजन तहले क्षतिकर यूभीकिरणलाई पनि अवशोशित गर्ने कुरा बताउनुभयो। त्यो क्षतिकर किरण धरतीमा प्रवेश गऱ्यो भने मानिसमा त्वचाको क्यान्सर हुने, आँखको रोग हुने, फसलमा क्षय क्षति गर्ने र सामुद्रिक जनजीवनमा पनि असर पार्ने जानकारी दिनुहुँदै मुख्यमन्त्रीले क्लोरिन र ब्रोमाइन अणुहरू ओजोनको सम्पर्कमा आएमा स्ट्रेटोस्फेयरमा रहेको ओजोन तहलाई नष्ट गर्दछ भन्नी स्पष्ट पार्नुभयो। एउटा क्लोरिन अणुले एक लाख ओजन कण नष्ट गर्नसक्छ। सन् १९८०मा वैज्ञानिकहरूले ओजोन तह पातलिने क्रम शुरू भएको पत्तो लगाएका थिए। ओजोन पातलो हुनमा क्लारोफ्लोरोकार्बन (सीएफसी) ले प्रमुख भूमिका खेल्छ भने दोस्रोमा पर्छ होलान ग्यास। उक्त कुराको जानकारी दिनुहुँदै मुख्यमन्त्रीले भन्नुभयो, सिक्किममा हामीले सदैव प्रकृतिक धरोहरहरूको सुरक्षा र संरक्षण गर्ने कुरालाई ध्यान दिएका छौं। हाम्रो राज्यको ४७.६२ प्रतिशत भूभाग(२०१७-एफएफआर) वनजङ्गलले ढाकेको छ। यसका साथै मुख्यमन्त्रीले राज्यका ग्रामीण जल स्रोतहरू पुनर्निर्वित गरिएको, वन्यजीवको संख्यामा वृद्धि भएको, अधिकतम रूपमा वन्य अन्तरण पूरा गरिएको साथै ओजोन क्षतिकर पदार्थ बन्द गराउन भूक्षय जाँच भइरहेको जस्ता सकारात्मक पहलहरू जारी राखिएको बताउनुभयो। उहाँले थप भन्नुभयो, हामीले विविध कार्यमहरूअन्तर्गत वृक्षरोपण कार्यक्रमहरू र गुणस्तर खस्किएका वन्य जमीनलाई पुनर्जीवित गर्ने गतिविधि अवलम्बन गरेका छौं। गैर वन्य क्षेत्र तथा नीजी भूमिको रूख कटाउ ऐन लागू गरिएको मुख्यमन्त्रीले बताउनुभयो। मुख्यमन्त्रीले सन्देशमा भन्नुभयो समाज र पर्यावरण दुवैतिर ध्यान दिएर सिक्किमले धेरै हरित नीतिहरू राष्ट्रगत निर्धारण योगदान (एनडीसी) र दीर्घमियादी विकास लक्ष्य (एसडीजी) हरूसित सार मिलाउन ल्याएको छ जुन विकास पहलहरूसित समानतरण छन्। हिमालयको परिस्थितिकी जीबन्त राख्न राज्यले धेरै कार्यक्रमहरूमाथि ध्यान दिएको छ। सिक्किमले मोण्ट्रियल र भियेना सम्मेलनको अन्तराष्ट्रिय

*हल पृष्ठ २ मा...*



# दिगो विकास लक्ष्यबारे आयोजित भिडियो सम्मेलनमा शिक्षा मन्त्रीको सहभागिता



राज्य सरकारका शिक्षा, भू राजस्व एवं आपदा प्रबन्धन विभाग, कानून, खेल एवं युवा मामिला विभाग मन्त्री श्री कुङ्गा निमा लेप्चाले गत ११ सेप्टेम्बरको दिन गान्तोकमा दिगो विकास लक्ष्यबारे आयोजित भिडियो कन्फरेन्समा सहभागिता जनाउनुभयो।

उल्लेख्य, गान्तोक अनि गान्तोक वरिपरि ठाउँहरु वर्ष २०२५ सम्म एसडीजी लक्ष्य प्राप्त गर्नको निम्ति एसडीजी२५+५ शहरहरुमा समावेश गरिएको छ। ग्रेसीला मार्टी, संयोजक (UNICIPIO Mendoza) एल्काल्डे क्लाउडियो कास्ट्रो, रेन्का (स्यान्टियागो डे चिली) का मेयर अजय देवासार, UNGSII, भारतका क्रिस्टोफर एडवर्ड्स, प्रो. जारीया हक थड–, ढाका स्रोतवक्ताको रुपमा उपस्थित रहेका थिए।

उक्त भिडीयो सम्मेलनमा शिक्षा विभाग मन्त्री श्री कुङ्गा निमा लेप्चाले सिक्किम गान्तोकका विभिन्न मुद्धा अनि चुनौतीहरुमाथि प्रकाश पार्नुभयो। उहाँले शहरीय क्षेत्र र यस वरिपरिको विकासका लागि भविष्यमा गरिने केही परियोजनाहरूमाथि पनि प्रकाश प्रकाश पार्नुभयो।। भारतका UNGSSI का प्रमुख अजय देवासारले गान्तोक शहरको भविष्यको कार्ययोजनाको तयारीका लागि राज्य सरकारलाई सबै समर्थनको आश्वासन दिनुभयो। उक्त अवसरमा मुख्यमन्त्रीका सचिव श्री एस डी ढकाल (आईएएस), को पनि उपस्थिति रहेको थियो।

# जल जीवन अभियानअन्तर्गत गरिनुपर्ने कार्यबारे बैठक



जल जीवन अभियानअन्तर्गत गरिनुपर्ने जलापूर्तिबारे छलफल गर्न जिल्ला जल एवं स्वचछ्ता अभियानको बैठक सम्पन्न भयो। गत १४ सेप्टेम्बर २०२०–को दिन पश्चिम जिल्लास्थित राप्देन्सी जिल्ला प्रशासनिक केन्द्रमा सम्पन्न बैठकको अध्यक्षता पश्चिम जिल्लाका जिल्लापाल श्री कर्मा.आर.बोन्पोले गर्नुभएको थियो। जल जीवन अभियान वर्ष २०२४ सम्म भारतका सबै ग्रामीण क्षेत्रका प्रत्येक घरहरुमा स्वच्छ जलापूर्ति गरिने उद्देश्य लिएर शुरु गरिएको महत्वपूर्ण अभियान हो।

यस अभियानअन्तर्गत ग्रामीण क्षेत्रको प्रत्येक घरहरुमा सुरक्षित अनि स्वच्छ पेय जलापूर्ति गरिने लक्ष्य राखिएको छ। उक्त अभियानअन्तर्गत रीचार्ज र पुनः प्रयोग, जल संरक्षण, वर्षा पानीको संकलन जस्ता अनिवार्य तत्त्वहरूको रूपमा स्रोत स्थायित्व उपायहरू पनि कार्यान्वयन गर्नेछ। जल जीवन अभियान सामुदायिक दृष्टिकोणमा आधारित हुनेछ र अभियानको प्रमुख अंशको रूपमा विस्तृत सूचना, शिक्षा र सञ्चारलाई सामेल गर्नेछ।

यसका साथै जल जीवन अभियान पानीको लागि जन आन्दोलन सिर्जना गर्न खोज्दछ, जसले गर्दा सबैको प्राथमिकता हुन्छ।

बैठकमा जिल्लापालले विद्यालय, आईसीडी र ग्रामीण क्षेत्रहरूमा खानेपानीको स्रोत र उपलब्धताका जानकारी लिनुहुँदै जल जीवन अभियानअन्तर्गत प्रत्येक विद्यालय, आईसीडीएस र ग्रामीण क्षेत्रका घरहरूमा स्वच्छ पेयजलापूर्ति विस्तार गर्नुपर्ने कुरामा जोड दिनुभयो। उहाँले हालैको सूचीलाई जीपीयू स्तरको तथ्यांकसहित जाँच गर्न निर्देशन दिनुभयो। यसका साथै उहाँले गाङ्ग्याप र झुसीङ्थाङ आवासीय विद्यालयलाई जलस्रोतबाट छुट्टै लाइन जडान गर्नुपर्ने निर्देश पनि दिनभयो। उहाँले सम्बन्धित अधिकारीहरुलाई जिल्लाका ग्रामीण क्षेत्रहरूमा पानीको समस्या समाधानको आ–आफ्नो तहबाट समर्पित भएर काम गर्ने निर्देश पनि दिनुभयो।

उक्त बैठकमा गेजिङ सोरेङका अतिरिक्त जिल्लापाल, कृषि विभागका संयुक्त निदेशक, पश्चिम जिल्ला पञ्चायतका जिल्ला योजना अधिकारी, डीई, ग्रामीण प्रबन्धन विकास विभागका डीई र अन्य विभागीय अधिकारीहरुको उपस्थिति रहेको थियो।

# महात्मा गान्धीका चिन्तन– दर्शन विषय वेबिनार आयोजित

## गान्धीका दर्शनहरूबाट सिकेरै हामी राष्ट्र निर्माणमा योगदान दिन्छौं : हेमभाई

गुवाहाटी। १५ सेप्टेम्बर, २०२०ः महात्मा गान्धीको १५० औं जन्म जयन्ती समारोहको अंशको रूपमा पत्र सूचना कार्यालय, गुवाहाटीद्वारा महात्मा गान्धीका चिन्तन–दर्शन विषयमा वेबिनार आयोजन गरियो। यस विषयमा वेबिनार आयोजन गर्नुको मुख्य उद्देश्य गान्धीका चिन्तन–दर्शनबारे विचार–विमर्श गर्नका साथै वर्तमान परिप्रेक्ष्यमा त्यसको व्याख्या गर्नुरहेको थियो। वेबिनारमा वक्ताका रूपमा भाग लिंदै शान्ति साधना आश्रमका संस्थापक तथा गान्धीवादी हमेभाईले आज सम्पूर्ण विश्वले विशेष गरी यस कठिन घडीमा गान्धीवादी चिन्तन–दर्शनका साथै सत्य, प्रेम तथा अहिंसाको महत्त्व बुझ्न थालेको बताए। समानता विषयमा गान्धीवादी दर्शनबारे सारगर्भित चर्चा गर्दै विकासका लागि संसाधन अनि अवसरहरू समान रूपमा वितरण गर्न आवश्यक रहेको बताए। गान्धीजीका विचारधारा अनि सिद्धान्तले हामीलाई सत्य, शान्ति अनि अहिंसा आदि जस्ता अनेकौं पक्षमा मार्गदर्शन गर्ने गरेको उनले उल्लेख गरे। गान्धीजीको चिन्तन–दर्शनबाट सिक्दै हामीले राष्ट्र निर्माणमा ठूलो योगदान पुऱ्याउन सक्छौं, उनले भने। अन्टु दिस लास्ट नामक पुस्तकको उल्लेख गर्दै यसले महात्मा गान्धीको जीवनमा तत्काल साथै व्यावहारिक रूपान्तरण ल्याएको उनले उल्लेख गरे। यसै पुस्तकले उनलाई व्यक्तिको हितमै समग्र हित निहित रहेको कुरा सिकाएको उनले बताए। तेजपुर विश्वविद्यालयको जनसञ्चार एवं पत्रकारिता विभागकी प्रमुख प्रो. जोया चक्रवर्तीले खादीको सञ्चारण : गान्धी तथा उनका प्रतीकवाद विषयमा आफ्नो मन्तव्य पेश गरिन्। वर्तमान समयमा गान्धीका विचार अनि सिद्धान्त केलाउन आवश्यक रहेको उनले बताइन्।

आफ्नो सम्पूर्ण जीवनमा गान्धीद्वारा व्यापक रूपमा प्रतीकवादको प्रयोग तथा यसको महान् उदाहरण खादी रहेको र गान्धीले खादीलाई आत्मनिर्भरताको प्रतीकका रूपमा प्रयोग गरेको प्रो. चक्रवर्तीले बताइन्। गान्धीजीद्वारा अप्नाइएको सञ्चार रणनीतिबारे बोल्दै गान्धीजी एक महान् वक्ता रहेको तथा आफ्नो विचारहरू सम्प्रसार गर्न पत्रकारितालाई काममा ल्याएको उनले बताइन्। शहरी क्षेत्रको मात्र नभएर समग्र विकासको पक्षमा गान्धीजी खडा रहेको तथा आत्मनिर्भरता अनि ग्रामीण अर्थनीतिको विकासमाथि विशेष बल दिने गरेको प्रो. चक्रवर्तीले बताइन्।

गान्धीजीको विचारधारालाई आत्मसात गर्दै वर्तमान सरकारले स्वच्छ भारत अभियान तथा देशको विकासका लागि आत्मनिर्भर अभियान शुरु गरेको उनले बताइन्। वेबिनारमा समापन सम्बोधन पीआइबी गुवाहाटीका उपनिर्देशक पल्लव चक्रवर्तीले राखे भने सञ्चार अधिकारी गोपाजीत दासले स्वागत सम्बोधन पेश गरेका थिए। वेबिनारको सञ्चालन क्षेत्रीय लोक सञ्चार कार्यालय, गुवाहाटीका क्षेत्र प्रदर्शनी अधिकारी श्रीमती हीरामणि दासले गरेकी थिइन्। वेबिनारमा पूर्वोत्तर क्षेत्र अन्तर्गत पीआइबी अनि आरओबीका अधिकारी तथा पत्रकारहरूसहित ३० जनाले सहभागिता जनाए। (पीआइबी)

# सडक एवं पूल विभाग मन्त्रीद्वारा उत्तर सिक्किमको लाचुङ सिङ्गाफूको भ्रमण

गान्तोक, १५ सितम्बरः क्षेत्र विधायक तथा राज्य सरकारका सड्क एवं पुल विभाग मन्त्री साम्डुप लेप्चाले गत १३ सितम्बरको दिन उत्तर सिक्किमको लाचेन मंगन समष्टिअन्तर्गत पर्ने दुर्गम क्षेत्र लाचुङ–सिङ्गाफूको भ्रमण गर्नुभयो। उल्लेख्य, लाचुङ सिङ्गाफू सिक्किमकै सबैभन्दा दुर्गम आवासीय क्षेत्रमध्ये एक हो। उक्त अवसरमा उहाँले त्यस क्षेत्रका एक–एकवटा घरको आँगनमै पुगेर मानिसहरूसित कुराकानी गर्नुभयो। भेटघाटको अवसरमा स्थानीय जनसाधारणले मन्त्रीसमक्ष गाउँ विकासको निम्ति विभिन्न मागहरु राखेका थिए। मन्त्री लेप्चाले क्षेत्रवासीले पेश गरिएको सबै मागहरु प्राथमिकताअनुसार पूरा गर्दै लाने आश्वासन दिनुभयो। यस अतिरिक्त उहाँले राज्य सरकारले जनहितमा जारी गरेका विभिन्न विकासमुखी कार्यक्रमबारे पनि क्षेत्रवासीलाई जानकारी गराउँनुहुँदै त्यसको लाभ उठाउने आह्वान पनि गर्नुभयो।

# मन्त्रीमण्डलद्वारा एनआरए गठनलाई अनुमोदन

प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा केन्द्रिय मन्त्रीमण्डलले केन्द्र सरकारको नोकरीहरुका लागि भर्ति प्रक्रियामा परिवर्तनकारी सुधार ल्याउन राष्ट्रिय भर्ती अभिकर्ता(एनआरए) गठन गर्ने स्वीकृति दिएको छ।

**भर्ती सुधार– युवाहरुका लागि वरदान–**

हालमा, सरकारी नोकरीका इच्छुक उम्मेद्वारको पात्रको समान शर्त निर्धारित गरिएका विभिन्न पदका लागि अलग–अलग भर्ती अभिकर्ताद्वारा सञ्चालित गरिने विभिन्न परिक्षामा सम्मिलित हुनुपर्दछ। उम्मेद्वारहरुले अलग–अलग भर्ती अभिकर्ताको शुल्क भुक्तान गर्नुपर्दछ र ती परिक्षाहरुमा भाग लिनका लागि लामो दूरी पनि तय गर्नुपर्दछ। अलग–अलग भर्ती परिक्षा उम्मेद्वारहरुका साखसाथै सम्बन्धित भर्ती अभिकर्ताका लागि यो बोझिल हुने गर्दछ, जसमा अपरिहार्य–बारम्बार हुने खर्चा, कानून एवं व्यवस्था, सुरक्षा सम्बन्धी मुद्धा र परिक्षा केन्द्रहरुसित सम्बन्धित समस्या सामेल छन्। औसतमा यी परिक्षाहरुमा अलग गरी २.५ देखि ३ करोड उम्मेद्वार सामेल हुने गर्दछन्। कुनै पनि उम्मेद्वारले सामान्य योग्यता परिक्षामा केवल एकपटक सामेल

*हल पृष्ठ ३ मा...*

# कुपोषणमाथि सचेतना फैलाउन कार्यक्रम

विभिन्न ठाउँहरुमा कुपोषण माह कार्यक्रमअन्तर्गत कार्यक्रमहरु आयोजना गर्दै आएको छ। बालबालिका अनि महिलाहरुमा पोषण सुनिश्चित गर्ने उद्देश्य लिएर ठाउँ ठाउँमा सचेतना कार्यक्रमहरु आयोजना गरिरहेको छ। उत्तर सिक्किमको चुङथाङ ब्लक टास्क फोर्सले आँगनवाडी कर्मचारी, पर्यवेक्षक र सीडीपीओको संयुक्त पहलमा घरदैलो भ्रमण गरी कुपोषणसँग जुझिरहेको बालक बालिका र अभिभावकहरुलाई परामर्श दिएको छ। उनीहरुले स्वच्छता, कुपोषणका कारण रक्तअल्पतामाथि पनि जानकारी प्रदान गरे।

# सिक्किमको निम्ति नयाँ फसल प्रजातिको लोकार्पण




गान्तोक।

९ सितम्बर गुवाहाटी २३-२४ नोभेम्बर २०१९ को दिन आयोजित आईसीएआरको क्षेत्रीय समिति सङ्ख्या ३ को २४ औं बैठकमा सिक्किम सरकारको आग्रहमा आईसीएआर-एनओएफआरआईद्वारा सम्बोधित गर्नुपर्ने दुईवटा महत्त्वपूर्ण विषय चिन्हित गरिएको थियो। पहिलो थियो जैविक खेतीको लागि प्रभावी फसल बालीको विकास तथा दोस्रो सिक्किममा जैविक खेतीलाई अरू व्यपाकता प्रदान गर्न जैविक बीउ बिजनको व्यवसायिक उत्पादन। यी विषयहरूलाई प्रायः आईसीएआर-एनओएफआरआईका वैज्ञानिकहरूले सम्बोधित गरिसकेका छन्, जसको परिणामस्वरूप सिक्किमको जैविक स्थितिमा उयुक्त हुने गरी आईसीएआर-राष्ट्रिय जैविक खेती शोध संस्थानद्वारा विकसित गरिएका नौवटा फसल-बालीको प्रजातिलाई ८ सेप्टेम्बर, २०२०-को दिन राज्य प्रजाति लोकार्पण समिति(एसभीआरसी), सिक्किम सरकारद्वारा जारी गरियो।

यस अवसरमा बोल्दै सिक्किम सरकारको कृषि विभागका सचिव एवं एसभीआरसीका अध्यक्ष आरसी भोटियाले लोकार्पण गरिएको बढी उब्जनी दिने फसल बालीका प्रजातिले कृषकहरूको उब्जनी बढाउनका साथै उनीहरूको आमदानी बनाउने उद्देश्य सुनिश्चित गर्ने बताए। राज्यलाई आत्मानिर्भर बनाउन जैविक बीउ- बिजन उत्पादन आवश्यक रहेको कुरामा पनि उनले बल दिए। बागवानी विभागका प्रधान निर्देशक पदम सुब्बाले सिक्किमको जैविक स्थितिलाई ध्यानमा राख्दै बीउ बिजनका प्रजाति विकसित गरेकोमा आईसीएआर-एनओएफआरआईप्रति आभार व्यक्त गरे। यसका साथै स्थानीय प्रजातिका फसल -बालीको श्रृङलामा सामेल गर्नुपर्ने उनले सुझाउ पेश गरे। आईसीएआर-एनओएफआरआईका संयुक्त निर्देशक डा. आर.के. अवस्थीले आईसीएआर-एनओएफआरआईका वैज्ञानिक डा. चन्दन कपूरको नेतृत्त्वमा रहेको टोलीले विभिन्न प्रजातिको विकास गर्न चलाएको कोशिशबारे जानकारी दिँदै जैविक स्थितिका लागि उपयुक्त हुने फसल बालीको बीउ- बिजन अनुपलब्ध रहेको कुरा धेरै समयदेखि खट्किरहेको बताए। वैज्ञानिकहरूद्वारा विकसित यी प्रजातिहरू सिक्किमका जैविक कृषकहरूका लागि मात्र नभएर जैविक खेती अपनाउने अन्य पहाड़ी राज्यहरूले पनि अङ्गीकार गर्नसक्ने बताए।

सिक्किम सरकारको कृषि विभागका अतिरिक्त निर्देशक राजेन थापाले नयाँ प्रजाति विकससित गरिएकोमा सन्तुष्टि व्यक्त गर्दै जैविक बीउ बिजनको उब्जनीको सम्बन्धमा देखिएका चुनौतिहरूको चर्चा गर्दै बीउ-बिजन उत्पादन गर्न आवश्यक रहेको बताए। आईसीएआर-एनओएफआरआई विकाससित नयाँ प्रजाति बाहिरी स्रोतहरूबाट बीउ बिजन उपार्जन गर्नुपर्ने निरभरता समाधान हुने पनि आशा व्यक्त गरे।

आईसीएआर-एनओएफआरआईद्वारा विकासित तथा एसभीआरसीद्वारा जारी नौवटा प्रजातिमा मकैको तीन प्रजाति, धानको चार प्रजाति, राजमा सिमीको धानको चार प्रजाति, राजमा सिमीको एक प्रजाति र भटमासको एक प्रजाति सिक्किम सरकारको एसभीएरसीले लोकार्पण गरेको छ। मकैको प्रजातिमा सिक्किम सडकुल मकै-१ सङ्कुल मकै-२ र एसकेएमसी -२ सामेल छ, जसको दाना पहेंलो हुन्छ भने मध्यम समयमा नै पाक्दछ र जैविक स्थितिमा प्रति हेक्टर ४५-५० क्विन्टल उब्जनी हुँदछ। धानको प्रजातिमा सिक्किम धान-१ (दुवै लेक र बेंसीका लागि) सिक्किम धान-२ (पानी खेतमा), सिक्किम धान-३ (लेकाली भेकतिर) तथा सिक्किम धान-४(पानी खेतमा)-को उब्जनी हुँदछ। राजमा क्विन्टल प्रति हेक्टर उब्जनी हुँदछ राजमा सिमीको (सिक्किम राजमा-१) औसत उब्जनी १०-१२ क्विन्टल प्रति हेक्टर र भटमासको (सिक्किम पहेंलो भटमास-१) उब्जनी २८-३० क्विन्टल प्रति हेक्टर हुने अनुमान लगाइएको छ। सिक्किममा जैविक बीउ-बिजनको उब्जनी सम्बन्धमा पछि चर्चा परिचर्चा पनि गरियो,जसपछि आईसीएआर-एनओअएफआईद्वारा सिक्किममा जैविक बीउ-बिजन उब्जनीको रूपरेखा योजना कृषि विभागलाई हस्तन्तरण गरियो। लोकाप्रण गरिएका प्रजातिका सम्बन्धमा विस्तृत विविरण आईसीएआर-एनओअएफआइका वैज्ञानिक डा. चन्दन कपूरद्वारा एसभीआरसीसमक्ष प्रस्तुत गरियो।

यस अवसरमा अतिरिक्त निर्देशक (फसल-बाली) राजेन थापा, अतिरिक्त निर्देशिका(कृषि,पूर्व सिक्किम) श्रीमती वीणा राई,संयुक्त निर्देशिका (फसल बाली, पूर्व सिक्किम) श्रीमती सुषमा प्रधान, गुणस्तर प्रबन्धक (एसएसओसीए) सुधीर गिरी, सिक्किमका प्रगतिशील कृषकहरूका साथै आईसीएआर एनओएफआरआईका बैज्ञानिकहरू एनओएफआरआईका वैज्ञानिकहरू पनि उपथित थिए। (पीआईबी)

## विश्व ओजोन दिवस.........

प्रावधानहरूलाई पालन गरिरहेको मुख्यमन्त्रीले बताउनुभयो। उहाँले थप बताउनुभयो, पर्यावरणमा प्रतिकूल असर पर्ने औद्योगिक त्याज्य पदार्थ उपोत्पादन हुने तथा प्रदुषण गर्ने कारखानामुक्त राज्य हो सिक्किम। मुख्यमन्त्रीले कालान्तरमा पर्यावरणलाई नोक्सान पुऱ्याउने उत्पाद र केही निश्चित रसायनिकहरूले पुऱ्याउने क्षतिबारे हामी जानकार हुनपर्छ भनी बताउनुभयो। हामीले प्रत्येकलाई पर्यावरणको बारेमा शिक्षित तुल्याउनुपर्छ किन कि हाम्रो आवास धरतीमात्रै हो अनि हामी भावि पीढ़ीको निम्ति संसाधन र पर्यावरण बचाएर राख्नुपर्छ, उहाँले भन्नुभयो।

मुख्यमन्त्रीले सिक्किमबासीलाई यस विश्व ओजन दिवसको अवसरमा सुन्दर र स्वस्थ भोलिको निम्ति आजको दिनमा पर्यावरणको सुरक्षा र संरक्षणको प्रतिज्ञा गरौं भनी आह्वान गर्नुभयो।

## मन्त्रीमण्डलद्वारा...

हुनुपर्नेछ तथा उच्च स्तरको परिक्षाका लागि कुने वा यी सबै भर्ती अभिकर्तासमक्ष आवेदन गर्नसक्नेछन्।

राष्ट्रिय भर्ता अभिकर्ता(एनआरए)- राष्ट्रिय भर्तीअभिकर्ता(एनआरए) नामक बहू-एजेन्सी निकायद्वारा समूह ख तथा ग(गैर तक्निकी) पदहरुका लागि उम्मेद्वारको स्कीनीङ-सर्टलिस्ट गर्न सामान्य योग्यता परिक्षा(सीईटी)शुरु गर्न प्रस्तावित गरिएको छ। एनआरए, एउटा बहु-अभिकर्ता निकाय हुनेछ, जसको शासी निकायमा रेलवे मन्त्रालय, वित्तीय सेवा विभाग, एसएससी, आरआरबी तथा आइबीपीएसका प्रतिनिधि सामेल रहनेछन्। एक विशेष्ज्ञ निकायका रुपमा एनआरएले केन्द्र सरकारको भर्तीको क्षेत्रमा अत्याधुनिक प्रविधि र सर्वोत्तम प्रक्रिया पालन गर्नेछ।

**परिक्षा केन्द्रसम्म पहुँच-**

देशको प्रत्येक जिल्लामा परिक्षा केन्द्रबाट सुदूरवर्ती इलाकातिर बसोबासो गर्ने उम्मेद्वारहरुको परुँच धेरै सुगम बन्नेच। ११७ वटा आकांक्षी जिल्लामा परिक्षा संरचना बनाउनमाथि विशेष ध्यान दिइनेछ, जसबाट पछि गएर उम्मेद्वारहरुले आफ्नो निवास स्थानदेखि नजिकको परिक्षा केन्द्रसम्म पुग्न सघाउन पुऱ्याउने। लागत, प्रयास, सुरक्षाका सम्बन्धमा यसको लाभ व्यापक हुनेछ। यस प्रस्तावले ग्रामीण उम्मेद्वारहरुसम्म सुगम पहुँच मात्र नभएर सुदूरवर्ती इलाकातिर बसोबासो गर्ने उम्मेद्वारहरु पनि परिक्षामा सामेल हुनका लागि प्रोत्साहित हुनेछन् र यस प्रकार भविष्यमा केन्द्र सरकारको नोकरीहरुमा उनीहरुको प्रतिनिधित्तवले बढावा पाउनेछ। रोजगार अवसरहरु जनमानसम्म पुऱ्याउनु मह्तपूर्ण कदम हो, जसद्वारा युवाहरुको जिन्दगी धेरै सहज बन्नेछ।

**गरीब उम्मेदावारहरुलाई धेरै ठूलो राहत-**

हालमा, उम्मेदावारहरुले विभिन्न अभिकर्ताद्वारा सञ्चालित गरिने विभिन्न परिक्षामा भाग लिनुपर्दछ। परिक्षा शुल्कका अतिरिक्त उम्मेद्वारहरुको यात्रा, बस्ने-खाने र अय अतिरिक्त खर्च गर्नुपर्ने हुन्छ। सीईटी जस्तो एकल परिक्षाले धेरै हदसम्म उम्मेद्वारहरुको वित्तीय भार घटाउनेछ।

**महिला उम्मेदावारहरुलाई बढी लाभ-**

महिला उम्मेदावारहरु, विशेष गरी ग्रामीण क्षेत्रका महिला उम्मेदावारहरुले अलग अलग परिक्षा सामेल हुनका लागि अनेकौं समस्याका सामना गर्नुपर्दछ, कारण उनीहरु धेरै टाढा परिवहन अनि बस्ने-खाने व्यवस्था गर्नुपर्ने हुन्छ। कहिले-काँहि त्यस्ता टाढा टाउँमा स्थित ती केन्द्रहरुसम्म पुग्नका लागि उपर्युक्त साथी खोज्नुपर्ने हुन्छ। प्रत्येक जिल्लामा परिक्षा केन्द्रको अवस्थितिदेखि सामान्य तवरमा ग्रामीण क्षेत्रको उम्मेद्वारहरु र विशेष गरी महिला उम्मेदावारहरुलाई बढी लाभ पुग्नेछ।

**ग्रामीण क्षेत्रका उम्मेद्वारहरुलाई लाभ-**

वित्तीय तथा अन्य समस्यालाई ध्यानमा राख्दै ग्रामीण पृष्ठभूमिबाट आउने उम्मेद्वारहरुले कुन परिक्षामा भाग लिने भन्ने विषय तय गर्नुपर्ने हुन्छ। एनआरएअन्तर्गत एउटा परिक्षामा सामेल हुनाले उम्मेद्वारलाई कैंयौं पदका लागि प्रतिस्पर्धा गर्न अवसर प्राप्त हुनेछ। एनआरएले प्रथम स्तर(टियर-१) परिक्षा सञ्चालन गरिनेछ, जुन कैंयौ अय चयनका लागि प्रारम्भिक परिक्षा हुनेछ।

**सीईटी स्कोर ३ वर्षका लागि वैध रहनेछ, अवसरहरुको सङ्ख्यामा कुनै सीमा हुनेछैन-**

उम्मेद्वारहरुद्वारा सीईटीमा प्राप्त स्कोर, परिणाम घोषित भएको मितिदेखि तीन वर्षको अवधिका लागि वैध रहनेछ। वैध उपलब्ध अममध्ये सबैभन्दा उच्चतम स्कोरलाई उम्मेद्वारको वर्तमान अम मानिनेछ। सामान्य योग्यता परिक्षा माथिल्लो आयु सीमाको अधिन रहनेछ र उम्मेद्वारद्वारा कुनै सीमा रहनेछैन। सरकारको विद्यमान नीति अनुसार अनुसूचित जाति, अनुसूचित जनजाति, अन्य पछौटेवर्ग तथा अन्य श्रेणीका उम्मेद्वारहरुलाई माथिल्लो आयु सीमाको छूट प्रदान गरिनेछ। सालेनी यी परिक्षाहरुमा भाग लिन तथा त्यसको तयारीमा लाग्ने महत्वपूर्ण समय, धन अनि प्रयासहरुको कठिनाइहरुलाई यसले धेरै नै समाप्त गर्नेछ।

**मानक परिक्षा-**

एनआरएद्वारा गैर-तक्निकी पदहरुला लागि स्नातक, उच्च माध्यमिक(बाह्रौं उत्तीर्ण) र माद्यमिक(दसौं उत्तीर्ण) गर्ने उम्मेद्वारहरुका लागि अलग रुपमा सीईटी सञ्चालन गरिनेछ, जसका लागि वर्तमानमा कर्मचारी चयन आयोग(एसएससी), रेलवे भर्ती, बार्ड (आरआरबी) र ब्यामिङ कार्मिक चयन संस्थान(आबीपीएस)द्वारा भर्ती गरिन्छ। सीईटीका अम स्तरमा गरिएको स्क्रीनीङको आधारमा, भर्तीका लागि अन्तिम चयन अलग विशेषकृत टिप्स, परिक्षाको माध्यमद्वारा गरिनेछ, जसलाई सम्बन्धित भर्ती अभिकर्ताद्वारा सञ्चालित गरिनेछ। यी परिक्षाहरुका पाठ्यक्रम सामान्य हुनका साथै मानक पनि हुनेछ। यसले वर्तमानमा प्रत्येक परिक्षाका लागि विभिन्न पाठ्यक्रम अनुसार अलग अलग पाठ्यक्रमको तयारी गर्ने उम्मेद्वारको भार कम्ति गर्नेछ।

परिक्षाका समय सारणी एवं केन्द्रहरुको चयन-

उम्मेद्वारहरुसँग एकै पोर्टलमा पञ्जीकृत हुने तथा परिक्षा केन्द्रका लागि आफ्नो रोजाइ व्यक्त गर्ने सुविधा रहनेछ। उपलब्धताको आधारमा उनीहरुलाई परिक्षा केन्द्र प्रदान गरिनेछ। यसको अन्तिम उद्देश्य, उम्मेद्वारले आफ्नो रोजाइको परिक्षा केन्द्रमा परिक्षाको समय सारणी तय गर्नसक्ने व्यवस्थासम्म पुऱ्याउनु रहेको छ।

**एनआरएद्वारा सहायक गतिविधि- एकभन्दा धेरै भाषा**

रहल पृष्ठ ४मा....

# सिक्किमे छोरी सङ्गीता प्रधानलाई मुख्यमन्त्रीद्वारा बधाई



१४ सितम्बरः भारतको सह-महा अधिवक्ता जस्तो गरिमामय पदमा नियुक्त भएकी सिक्किमकी पहिलो छोरी संगीता प्रधानको यस उपलब्धिप्रति राज्यका मुख्यमन्त्री प्रेमसिंह तामाङ बधाई दिनुभएको छ।

मुख्यमन्त्री प्रेमसिंह तामाङले अधिवक्ता संगीता प्रधानलाई उनको प्रयास अनि लगनपछिको यस सफलता भोलीको दिनमा अरूको निम्ति प्रेरणा बन्नुसकोस् भनेर कामना गर्नुभयो। कठोर मेहनत अनि समर्पित बनेर कुनै पनि कार्य गरे सफलता हासिल गर्न असम्भव छैन भन्ने अधिवक्ता संगीता प्रधानले उदाहरण दिएको मुख्यमन्त्रीले उल्लेख गर्नुभएको छ। सिक्किमकी छोरी अधिवक्ता संगीता प्रधानलाई कानून मन्त्रीलयद्वारा भारतको सह-महाधिवक्ताको रूपमा नियुक्त गरिएको छ। यस पदमा नियुक्त हुने उनी पहिलो सिक्किमे हुन्। अधिवक्ता संगीता पूर्व सिक्किम रंगेली निवासी हुन भने आमा सरस्वती प्रधान अनि बुबा मणिनारयण प्रधानकी छोरी हुन्। अधिवक्ता प्रधान यो पदमा नियुक्त भएर सिक्किम राज्यबाट सह- महाधिवक्ताको रूपमा नियुक्त भएर सिक्किममा इतिहास निर्माण गरेकी छन्।

अधिवक्ता प्रधानले सिक्किम उच्च अदालतबाट अधिवक्ता अभ्यास गरेकी हुन्। उनले सिक्किम गवर्मेण्ट ल कलेजबाट कानुन पढ़ाई पूरा गरेपछि दिल्लीबाट यो पेशा शुरू गरिन्।

उनले सर्वोच्च अदालत, दिल्ली उच्च अदालतबाट अनुभव प्राप्त गरिन्। वर्तमानमा उनले केन्द्र सरकाराका मामिलाहरू सिक्किमको उच्च अदालतका हेर्नेछिन। सिक्किम सरकारको कार्मिक अनि ग्रामीण विकास विभागमा पनि उकीलको रूपमा सेवा दिइसकेको मुख्यमन्त्रीले जानकारी गराउनुभयो।

# ग्रामीण विकास विभागका अध्यक्षद्वारा पदभार ग्रहण



गत ११ सेप्टेम्बरको दिन श्रीमती सुनिता गौतमले ग्रामीण विकास विभागको अध्यक्षको रुपमा पदभार ग्रहण गर्नुभयो। उहाँलाई ग्रामीण विकास विभागका सचिव श्री एस.सी राव, पञ्चायत निदेशक, एमजीनरेगाका अतिरिक्त सचिव लगायत अन्य अधिकारीले स्वागत जनाउनुभएको थियो। अध्यक्षको कार्यालय टाशीलिङको एसआईआरडी भवनमा अवस्थित छ।

# नाम्चीमा व्यापक सरसफाई



साप्ताहिक सरसफाई अभियानलाई अघि बढाउँदै गत १२ सेप्टेम्बरको दिन नाम्ची नगर निगमका कर्मचारीहरुले एमईओ श्री लाक्पा ग्याल्पोको अगुवाईमा विभिन्न नगर परिषद् परिसर, नाम्ची खण्ड प्रशासनिक केन्द्र, जिल्ला शिशु सुरक्षा इकाई, सूचना एवं जनसम्पर्क विभागका कार्यलय लगायत अन्य सरकारी कार्यलयको सफाई गर्नको साथै सेनीटाइज पनि गरियो।

# गान्धी, खादी तथा आत्मनिर्भर अभियान: राष्ट्र निर्माणप्रति नवीकृत प्रतिबद्धता

स्वस्थ अनि समृद्ध समाज निर्माणका लागि महात्मा गान्धीद्वारा सिकाइएको आत्मनिर्भरताको पाठलाई पुनरूद्धार गर्दै पूर्णरूपले कार्यान्वयन गर्नका साथै यदि गरीबी उन्मूलनको लक्ष्य हासिल गर्ने दिशामा सफलता हासिल गर्नु छ भने खादी आन्दोलनका सबै पक्षलाई राम्ररी बुझ्न जरुरी छ। पत्र सूचना कार्यालय, इम्फाल तथा क्षेत्रीय लोक सम्पर्क कार्यालय, इम्फालद्वारा आज आयोजित वेबिनारमा यस विषयमाथि विमर्श गरियो।

मणिपुर विश्वविद्यालयको अर्थशास्त्र विभागका प्रोफेसर अमर युमनामले यस अवसरमा बोल्दै अर्थनीतिको आधुनिक चिन्तनधारा अधिकांश रूपमा महात्मा गान्धीका दर्शनहरूमा पाइने गरेको उल्लेख गरे। विकास अर्थनीतिमा लोकप्रिय विषय बन्न धेरै अघि नै मूल्य शृङ्खलाको परिकल्पना महात्मा गान्धीले गरेको उनले बताए। हामीले गान्धीजीका विचारहरूलाई समग्र रूपमा प्रयोग नगरी केवल उनीप्रति ओंठे भक्ति देखाइरहेको पनि उनले उल्लेख गरे। खादीको विषयमा हामीले सोच्दा केवल उत्पादहरूमाथि मात्र ध्यान केन्द्रित नगरेर खादी आन्दोलनका प्रक्रिया अनि गतिको परिप्रेक्ष्यमा पनि सोच्नुपर्ने प्रो. युमनामले बताए। आत्मनिर्भर भारत यिनै क्षेत्रीय अनि स्थानीय विविधतालाई बुझ्दै समग्रमा देशका जनमानसको उत्थानतर्फको प्रयास हो, उनले भने।

यस अवसरमा बोल्दै प्रधानमन्त्री नरेन्द्र मोदीले हाम्रो ध्यान एकपटक पुनः गान्धीवादी चिन्तन-दर्शनतर्फ आकर्षित गरेको कारण आत्मनिर्भरता नै राष्ट्र निर्माणको मुख्य औजार रहेको वरिष्ठ पत्रकार श्रीमती एन सबिताले बताइन्। गान्धीजीको खादी आन्दोलन विदेशी शक्तिको आर्थिक प्रभुत्त्वलाई चुनौती दिने मुख्य आधार मात्र नभएर भारतीय गाउँहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउँदै बेरोजगारको समस्या अन्त्य गर्ने औजार पनि रहेको उनले बताइन्। जनमानस गान्धीजीको विचारको केन्द्रविन्दु रहेको र यसै कारण भारतको समृद्धिमा गाउँहरू पनि अंश रहनुपर्ने कुरामाथि बल दिएको बताइन्।

आफ्नो सम्बोधनमा सूचना एवं प्रसारण मन्त्रालय अन्तर्गत पूर्वोत्तर क्षेत्रका अतिरिक्त महानिर्देशक एसएन प्रधानले आज हामी चुनौतीपूर्ण समयबाट गुज्रिहेको हुँदा राष्ट्रपिताद्वारा तय प्रतिबद्धता दोहोऱ्याउनुपर्ने आवश्यकता महसुस गरिएको बताए। प्रधानमन्त्रीले एकपटक पुनः अधुरो कामप्रति सबैको ध्यान आकर्षित गरेका छन्, उनले भने। हाम्रो समृद्ध हस्तशिल्प एवं शिल्पकारिता, हाम्रो पारम्परिक कुटीर उद्योगसँग आधुनिक वाणिज्यसँग हातेमालो गर्दै विकास गर्ने क्षमता रहेको पनि उनले आशय व्यक्त गरे। प्रतिभागीहरूलाई धन्यवाद दिँदै पीआइबी इम्फालका निर्देशक अभिशेख दयालले यो वेबिनार पत्र सूचना कार्यालयद्वारा विभिन्न महत्त्वपूर्ण विषयमाथि आयोजन गर्ने कार्यक्रमको शृङ्खला रहेको र यसमा अधिकारीगण, विशेषज्ञ तथा सञ्चारकर्मीहरूले एक मञ्चमा आएर आफ्नो विचार साझा गर्नुपर्ने बताए। महात्मा गान्धीका विभिन्न विचार-चिन्तनबारे स्वस्थ विमर्श अनि चर्चा-परिचर्चा शुरु गर्न सञ्चार माध्यमलाई आह्वान जनाउँदै गान्धीजीका दर्शनहरू हाम्रो समाजको अंश बन्नका साथै गरीब अनि पछि परेका तप्काको उत्थानमा धेरै सहयोग गर्ने उनले बताए।

महात्मा गान्धीको १५० औं जन्म वार्षिकीको निम्ति सालभरी कार्यक्रम आयोजन गरिने क्रम अन्तर्गत यो वेबिनार आयोजन गरिएको थियो। यस अवसरमा ३० जना अधिकारी अनि सञ्चारकर्मीले सहभागिता जनाए। (पीआइबी)

**मन्त्रीमण्डलद्वारा...**

सीईटी विविध भाषामा उपलब्ध हुनेछ। यसले देशको विभिन्न भागका मानिसहरुलाई परिक्षामा बस्ने र चयन हुने समान अवसर प्राप्त गर्न सुविधाजनक बनाउनेछ।

**प्राप्त अम-अनेक भर्ती अभिकर्तासम्म पहुँच-**

शुरुवातमा अमहरुको उपयोग तीन प्रमुख भर्ती अभिकर्ताद्वारा गरिनेछ। तथापि, केही समयको अन्तरालपछि केन्द्र सरकारको अन्य भर्ती अभिकर्ताले यसलाई अप्नाउने अपेक्षा गरिएको छ। यसका अतिरिक्त, सार्वजनिक तथा नीजि क्षेत्रका अय अभिकर्तालेलाई, यदि उनीहरुले चाहे यसलाई अप्नाउन सक्ने छूट पनि रहनेछ। यस प्रकारले दीर्घकालमा सीईटीको प्राप्त अमलाई केन्द्र सरकारले, राज्य सरकार, केन्द्र शासित प्रदेश सार्वजनिक क्षेत्र उपक्रम तथा नीजि क्षेत्रका अन्य भर्ती अभिकर्ताका साथमा साझा गर्नसकिनेछ। यसले त्यस्ता सङ्गठनमा भर्तीमाथि बेहोर्नुपर्ने लागत र समय वचन गर्न सघाउ पुऱ्याउनेछ।

**भर्ती चक्र घटाउनु-**

एकल पात्रता परिक्षाले भर्ती चक्रलाई महत्वपूर्ण रुपले घटाउनेछ। केही विभागले सीईटीमा प्राप्त अमको आधारमा शारीरिक परिक्षा वा चिकित्सीय परिक्षणका साथ भर्ती गर्ने तथा भर्तीका लागि कुने पनि दोस्रो चरणको परिक्षालाई समाप्त गर्ने समेत दिएको छ। यसले वृहत रुपमा भर्ती प्रक्रियालाई कम्ति गर्नेछ साथै युवाहरुको ठूलो वर्गलाई यसले फाइदा प्रदान गरिनेछ।

**वित्तीय परिव्यय**

सरकारले राष्ट्रिय भर्ती अभिकर्ताका (एनआरए) लागि १५१७.५७ करोड रुपियाँको स्वीकृति प्रदान गरेको छ। यो राशि तीन वर्शको अवधिमा खर्च गरिनेछ। एनआरएको स्थापनाका अतिरिक्त ११७ वटा आकांक्षी जिल्लामा परिक्षाका लागि पूर्वाधार विकसित गर्न पनि खर्च गरिनेछ।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps 18.09. 2020